
हाम्रा सांसदहरु

२०४८



इगा रिसर्च एण्ड मेनेजमेण्ट ग्रुप (प्रा.) लि.
(कर्मा ग्रुप)
डिल्लीबजार, काठमाडौं

हाम्रा सांसदहरु

२०४८



कंचनजङ्गा रिसर्च एण्ड मेनेजमेण्ट ग्रुप (प्रा.) लि.
(कर्मा ग्रुप)
डिल्लीबजार, काठमाडौं
(फो.नं.: ४-१८०४९)

PH
923.2
KHN

C.N.S/22

२६३८
घ

8701

NE
328.092
N242
1992
Parliament

संकलन तथा प्रकाशन
कंचनजङ्गा रिंसर्च एण्ड मेनेजमेण्ट ग्रुप (प्रा.) लि.
(कर्मा ग्रुप) डिल्लीबजार, काठमाडौं

(सर्वाधिकार प्रकाशकमा सुरक्षित)

मूल्य रु. २५।-

कम्प्युटर- काठमाडौं कम्प्युटर सर्भिस- पुतलीसडक

मुद्रक- भेराइटी प्रिन्टर्स, कमलादी

शुभकामना

"हाम्रा सांसदहरु" पुस्तक सरसर्ति हेर्दै । भर्खरै पुनर्स्थापित बहुदलीय प्रजातन्त्र अनुरुप जनादेश प्राप्त नवगठित सांसदहरुको बारेमा सुक्ष्म एवं विश्लेषणात्मक रुपमा तयार पारिएको यस पुस्तकले निश्चय नै सांसदरुको व्यक्तिगत परिचय, विचार, जीवनका सुखद् तथा दुःखद् घटनाहरु, सांसद हुन अगाडिको विविध पेशा र संलग्नता आदि बारेको जिज्ञाशा पुरा गर्ला भन्ने ठान्दछु ।

प्रजातन्त्रको सुदृढीकरण तर्फ महत पुऱ्याउने यस प्रकारको अनुसन्धानात्मक कार्य स्वागत योग्य तथा सराहनीय छ । भविष्यमा पनि यस्तो कार्यमा कंचनजंङ्गा रिसर्च एण्ड मेनेजमेण्ट ग्रुप (कर्मा ग्रुप) लाई सफलता मिलोस् । यही मेरो शुभ-कामना छ ।

दमन नाथ ढुंगाना

(दमननाथ ढुंगाना)
सभामुख,
प्रतिनिधि सभा

❀ ❀ ❀

श्री कंचनजंङ्गा रिसर्च एण्ड मेनेजमेण्ट ग्रुप प्रा.लि. द्वारा हालै निर्वाचित सांसदहरुलाई चिनाउने उद्देश्यले उठाएको कदम सराहनीय छ ।

भर्खरै संसदीय व्यवस्था अन्तर्गतको प्रजातन्त्रले बामे सर्ने अवस्थामा त्यसका सदस्यहरु कस्ता छन्, कति योग्यता राख्दछन्, कति सैद्धान्तिक र पढे-लेखेका छन्, भन्ने कुराको जानकारी नेपालका हरेक चेतनशील व्यक्तिमा राख्ने इच्छा उठ्नु स्वभाविकै हो र शुभ लक्षण पनि ।

यही जिज्ञासा मेटाउन कर्मा ग्रुपले गरेको यो प्रयास साच्चै सामयिक र उपयुक्त पनि छ । जनतामा प्रजातान्त्रिक भावना र चेतना बढाउने यस्तो कार्यलाई सबैले मन पराउने मात्र होइन यसलाई सराहनीय कार्य हो भन्न सबैलाई करै लाग्छ ।

(वेनी बहादुर कार्की)
अध्यक्ष
राष्ट्रिय सभा

❀ ❀ ❀

कंचनजंगा रिसर्च एण्ड मेनेजमेण्ट ग्रुप (कर्मा ग्रुप) द्वारा तयार पारिएको "हाम्रा सांसदहरु" पुस्तकलाई मैले माथिदेखि तलसम्म राम्रै किसिमले हेर्दै । यसमा चाहिने तथ्य र तथ्यांक मेहनत गरी प्रत्येक सांसदको विषयमा सबै पक्षलाई प्रस्तुत गर्ने किसिमले सामग्रीहरुको प्रस्तुति भएको रहेछ । यस अर्थमा यस पुस्तकको आफ्नै विशेषता छ, आफ्नै उपयोगिता छ । मेहनत गरी तयार गरिएको यस पुस्तकका लागि कर्मा ग्रुपलाई धन्यवाद दिन्छु । भविष्यमा पनि यस संस्थाले हाम्रो राष्ट्रको विभिन्न समस्याहरुको सम्बन्धमा यस्तै खोजपूर्ण सामग्रीहरु प्रकाशन गर्नेछ भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

मनमोहन अधिकारी

(मनमोहन अधिकारी)
प्रमुख प्रतिपक्षी नेता- प्रतिनिधि सभा
एवं अध्यक्ष ने.क.पा. (एमाले)

प्रजातन्त्रको पुनर्वहालिका लागि ज्यानको आहुति दिने
सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूमा समर्पित

प्रकाशकीय

वि.सं. २०४६ को जन आन्दोलनको विजयबाट प्रजातन्त्रको पुनर्बहाली भएपछि विगत ३० वर्षको पंचायती व्यवस्थामा अगुवाई गर्नेहरुको अनुहारहरु स्वत: अदृष्य हुँदै गए । तर मुलुकमा मतदाताहरुको संख्या भने पंचायतकालमा जन्मेकाहरुको ठूलो जमात देखा पऱ्यो जसले जन आन्दोलनको समयमा जुझारुको भूमिका निर्वाह गऱ्यो । यसरी प्रजातन्त्रको पुनर्स्थापनाका लागि संघर्षरत रही जन आन्दोलन सफल बनाउने र आम निर्वाचनमा जनादेशबाट विजय प्राप्त गरी संसदमा आउने जनताहरु के कस्ता पृष्ठभूमिका छन र के कस्तो संघर्ष गरेकाले अहिले जनताको मन जित्न सफल भए भन्ने कुरा सबैलाई-जिज्ञासा हुनु स्वाभाविकै हो साथै मुलुकको चिन्तन र विकासका लागि मरिहत्ते गर्ने अनुहारहरु पंचायतीकालमा कसरी भूमिगत भएर, निर्वासित भएर र दबिएर बसेका रहेछन् त्यो उदाङ्गो हुनु पनि आवश्यक थियो । यी सबै दृष्टिकोणबाट हामीले हाम्रा सांसदहरुलाई आम जनता समक्ष चिनाउने कोशिष गऱ्यौं । त्यसै प्रयत्नको प्रतिफल स्वरुप यो पुस्तक बन्न सक्यो ।

यो पुस्तक तयार गर्न तथ्यांक संकलन कार्यमा विशेष सहयोग पुऱ्याउनेहरु नेपाली कांग्रेसका केन्द्रीय कर्यालयका तत्कालिन कार्यलय मन्त्री तथा हाल राष्ट्रिय सभाका सदस्य श्री धुवराम भण्डारी, नेपाली कांग्रेसका सांसदहरु श्री रामचन्द्र अधिकारी, श्री गंगाबहादुर कुँवर, श्री भक्तबहादुर बलायर, श्री द्वारिकाप्रसाद प्रधान, श्रीमती मीना पाण्डे, श्री वीरमणी ढकाललाई कर्मा ग्रुप हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी) को केन्द्रीय कार्यालयका कर्मचारीहरु श्री मनप्रसाद गौतम, श्री उपेन्द्र कार्की, श्री अम्बर अधिकारी र सांसदहरु श्री राधाकृष्ण मैनाली, श्री नारायण सिंह राजबंशी, परशुराम मेघी गुरुङ, श्रीमती अष्ट लक्ष्मी शाक्य, श्री अमृत बोहरा, नेपाल सदभावना पार्टी कार्यालयका श्री जे.पी. सिंहबाट प्राप्त सहयोगलाई विशेष सराहना गर्दै कर्मा ग्रुप वहाँहरुलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । संयुक्त जनमोर्चाका सांसद श्री लीलामणी पोखरेलले लिइदिनु भएको चासो र सहयोगबाट कर्मा ग्रुप ऋणि छ । साथै तथ्यांक संकलनमा पूर्ण सहयोग पुऱ्याउनेहरु श्री सुमन थापा, श्री भरत अधिकारी, श्री ऋषिकेश भट्टराई, श्री यज्ञप्रसाद नेपाल र राष्ट्रिय सभाका सांसद श्री सिन्धुनाथ प्युकरेलज्यूलाई विशेष धन्यवाद दिन्छौं ।

वैयक्तिक विवरणको ढाँचा तयार पार्न देखि लिएर संकलनमा समेत संलग्न भै उल्लेखनीय योगदान पुऱ्याउनेहरुमा श्रीमती पार्वती नेपाल र श्री प्रेमप्रसाद नेपालको संलग्नता विशेष उल्लेख गर्दै धन्यवाद ज्ञापन गर्दछौं । वास्तवमा यो कार्यको जिम्मेवारी शुरुदेखि अन्त्यसम्म श्रीमती भगवती नेपाल र म आफैंले लिएर संयुक्त रुपमा पूरा गरेका हौं । संकलित तथ्यांकलाई विश्लेषण गरी दिनु भएर र उचित निर्देशन दिई यो पुस्तक तयार पार्न सहयोग पुऱ्याईदिनु भएकोमा श्री खेमराज नेपालज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछौं । आफ्नो बहुमुल्य समय दिई हाम्रो फारम कति पनि झर्को नमानी भरिदिनु हुने सम्पूर्ण सांसदहरु तथा अन्य प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउने सबै महानुभावहरुलाई हार्दिक विशेष धन्यवाद दिन चाहन्छौं ।

आफ्नो व्यस्त कार्यक्रमका बावजुद महत्वपूर्ण समय निकालेर मेहनतसाथ पुस्तक हेरी प्रेरणादायी मन्तव्य तथा शुभकामना दिनु हुने माननीय सभामुख श्री दमननाथ ढुंगाना (प्रतिनिधि सभा), माननीय अध्यक्ष श्री बेनीबहादुर कार्की (राष्ट्रिय सभा) तथा माननीय श्री मनमोहन अधिकारी (अध्यक्ष ने.क.पा. एमाले एवं प्रमुख प्रतिपक्षी नेता, प्रतिनिधि सभा) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

अन्त्यमा काठमाडौं कम्प्युटर सर्भिसका श्री कुमार खड्का, श्री यादव देवकोटा तथा भेराइटी प्रिन्टर्सका भाबा राजभण्डारीले क्रमश: कम्प्युटर तथा अफसेट सम्बन्धी छपाई कार्य कुशलतापूर्वक समयमै सम्पन्न गरीदिनु भएकोमा वहाँहरुलाई मुरी मुरी धन्यवाद दिन्छौं । पाठकहरुले समयाभावले गर्दा भएका त्रुटीहरु औल्याईदिनु भई सहयोग गर्नुहुनेछ भन्नेमा कर्मा ग्रुप विश्वस्त छ ।

२०४८ भाद्र २७

गोविन्द अधिकारी
कार्यकारी अध्यक्ष (कर्मा ग्रुप)

केही खालबहस्ले वैयक्तिक विवरण भर्दा हिन्दी भाषाको प्रयोग गर्नुभएको र सोही भाषा राज्य अनुरोध गर्नुभएकोले सोही अनुसार गरिएको छ।

विषय सूचि

	शीर्षक	पृष्ठ संख्या
१.	प्रजातन्त्रको पुनर्वहाली	१
२.	हाम्रा सांसदहरु	७
	क. उमेरको वर्गीकरण	७
	ख. शैक्षिक योग्यता	९
	ग. वैवाहिक र पारिवारिक स्तर	१०
	घ. जातिय आधारमा प्रतिनिधित्व	१२
	ङ. पेशागत आधार	१३
	च. राजनैतिक पृष्ठभूमि	१४
	छ. महिला प्रतिनिधित्व	१५
	ज. राजनैतिक प्रतिबद्धता	,,
	झ. सुखद् र दु:खद् घटना	१८
३.	सांसदहरुको वैयक्तिक विवरण	२१
	क. नेपाली कांग्रेस	
	१. प्रतिनिधि सभा	२३
	२. राष्ट्रिय सभा	६९
	ख. नेपाल कम्युनिष्ट पार्टी (एमाले)	
	१. प्रतिनिधि सभा	८३
	२. राष्ट्रिय सभा	११३
	ग. संयुक्त जनमोर्चा	
	१. प्रतिनिधि सभा	१२१
	२. राष्ट्रिय सभा	१२४
	घ. नेपाल सद्भावना पार्टी	
	१. प्रतिनिधि सभा	१२५
	२. राष्ट्रिय सभा	१२८
	ङ. राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) १. प्रतिनिधि सभा	१२९
	च. राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) १. प्रतिनिधि सभा	१३०
	छ. नेपाल कम्युनिष्ट पार्टी (प्रजातन्त्रवादी) १. प्रतिनिधि सभा	१३१
	ज. नेपाल मजदूर किसान पार्टी १. प्रतिनिधि सभा	१३२
	झ. श्री ५ बाट मनोनित - राष्ट्रिय सभा	१३३
	अनुसूचि	
	१. अन्तरिम मन्त्रीमण्डल (२०४७) को नामावली	१३७
	२. दर्ता भएका दलहरुको सूचि	,,
	३. राष्ट्रिय पार्टी सम्वन्धी सामान्य जानकारी	१३९

१. प्रजातन्त्रको पुनर्वहाली

पृष्ठभूमि

१. विश्वका धेरै मुलुकहरुका जनताले उपनिवेशवाद र साम्राज्यवादको विरुद्ध संघर्ष गरेर आफ्नो देशलाई स्वतन्त्र बनाएका छन् । नेपाली जनताले आफ्नै मुलकभित्रको निरंकुश शासन पद्धतिको विरुद्धमा संघर्ष गरेर ४० वर्षको अन्तरालमा दुइपल्ट स्वतन्त्रता हासिल गरी प्रजातन्त्रको बहाली गरेका छन् । पहिलो पल्ट वि.सं. २००७ साल फागुन ७ गते १०४ वर्ष पुरानो जहानियाँ शासन पद्धतिलाई फालेता पनि तत् पश्चातको ८ वर्ष निकै राजनीतिक अन्यौलमा मुलुक गुज्रियो, जुन समयलाई राजनैतिक संस्कारको विकास अवधि भने मान्न सकिन्छ । अन्ततः वि.सं. २०१५ सालमा मात्र नेपाली जनताले प्रजातान्त्रिक शासन पद्धतिका लागि बहुदलीय राजनैतिक प्रणाली आत्मसात् गरी आमनिर्वाचनको माध्यमबाट नेपाली कांग्रेसलाई जनादेश दिएर नेपालको इतिहासमा पहिलोपल्ट जनताको सरकार प्रतिष्ठापन गराए । जनताले दलीय सिद्धान्तको आधारमा संस्थागतरुपले आफ्नो हकको अभ्यास त्यसभन्दा पहिले सार्वजनीकरुपमा कहिल्यै गर्न नपाएको स्थितिमा जनताको सरकार प्रतिस्थापन भएपछि आ-आफ्ना वर्ग र जनताको हक, हितका लागि र सैद्धान्तिक संप्रभुताका लागि विभिन्न दलबाट आवाज उठ्दा, नारा जुलुस हुँदा र आपसी मुठभेड हुँदा प्रजातान्त्रिक अभ्यासको सकरात्मक थालनी हो भन्ने कुरा बिर्सेर जनताको मौलिक हकमा आधारित त्यस्ता कृयाकलापलाई अराजकता र राष्ट्रविखण्डनको संज्ञा दिई वि.सं. २०१७ साल पुष १ गते शासकबाटै प्रजातन्त्र अपहरण भयो । त्यसपछि मुलुकमा राजा नेता भएर सबै राजनैतिक दलमाथि प्रतिवन्ध लगाई लागु गरिएको निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्ध प्रजातन्त्रका योद्धाहरुले अनवरत संघर्ष जारी राखे- प्रजातन्त्रको पुनर्वहालीकालागि ।

२. मुलुकभित्र र मुलुकवाहिरबाट समेत नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका विभिन्न घटकहरुले आ-आफ्नै छुट्टाछुट्टै सामरीकी अपनाई कहिले पुरा त कहिले आंशिकरुपमा संघर्ष जारी राखेता पनि नेपाली जनतालाई मानसिकरुपमा तयारी गर्न नसकेकाले सत्ता

परिवर्तन गराउन र प्रजातन्त्र पुनर्वहाली गराउन कुनै पनि दल सक्षम हुन सकेनन् । न त निर्दलीय पंचायती व्यवस्थामा सुधार भई राजनैतिक दलहरुलाई भित्र्याउन वा अटाउन प्रयत्न नै भयो । मुलुकमा दिनानुदिन बिग्रंदो र गिर्दो आर्थिक अवस्था, शोषण-पीडन र मौलिक हकहरुबाट वञ्चित जनताको चित्कारले नेपाली कांग्रेसको नेतृत्व र नेपाली कम्युनिष्ट पार्टीका विभिन्न घटकहरुको नेतृत्व समेतलाई एक जुट भई संघर्षको थालनी गर्ने सहमतिमा पुग्न समयको ठूलो माँग भयो । फलतः नेपाली कम्युनिष्ट पार्टीका दर्जनौ घटकहरुमध्ये ७ घटक एक सहमतिमा पुगी (श्रीमती सहाना प्रधानको अध्यक्षतामा) संयुक्त वाममोर्चाको गठन गरे । वि.सं. २०४६ साल माघ ५ गते नेपाली कांग्रेसका सर्वमान्य नेता श्री गणेशमान सिंहको घरमा आयोजना गरिएको नेपाली कांग्रेसको ऐतिहाँसिक सम्मेलनमा कम्युनिष्ट नेताहरुलाई पनि आमन्त्रण गरी मौजुदा राजनैतिक व्यवस्थालाई जन-आन्दोलनको माध्यमबाट मिल्काई प्रजातन्त्रको पुनर्वहाली गर्न शंखनाद गरियो । आन्दोलनको शुभमुहुर्त पहिलोपल्ट प्रजातन्त्र प्राप्त गरेको दिन फागुन ७ गतेलाई तोकियो । उक्त आमसभामा भारतका विभिन्न दलका अग्रणी नेताहरुले # भाग लिई प्रजातन्त्रको पनुर्वहालीको लागि नेपाली जनताको संघर्षमा नैतिक समर्थन जनाए ।

३. वि.सं. २०४६ फागुन ७ गतेबाट थालनी भएको जन-आन्दोलन नेताहरुबाट बढो सजगताका साथ अहिंसात्मक रुपमा अगाडि बढ्न आव्हान गरेता पनि तात्कालिक सरकारले जन-आन्दोलन रोक्न र दवाउन विभिन्न हथकण्डाहरु चालेकाले जन-आन्दोलन कतिपय ठाउँहरुमा आक्रामक र हिंसात्मक हुन पुग्यो । भक्तपुर, चितवन, जनकपुर, झापा, पोखारा, बुटवल, ललितपुर र काठमाडौंमा गोलीकाण्ड भै धेरै सपूत र वीराङ्गना शहीद भए । कतिको मातृत्व त कतिको सतीत्व लुटियो । अन्ततः जन-शक्तिका अगाडि निरंकुश बलशक्ति झुक्नुपऱ्यो । राजाले आन्दोलनकारी नेताहरुसँग वार्ता गर्ने प्रस्ताव राखेपछि वि.सं. २०४६ चैत २६ गतेका दिन राजनैतिक दलहरुका तर्फबाट अग्रणी नेताहरु सर्वश्री कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, श्रीमती

आमन्त्रित भारतीय वरिष्ठ नेताहरुमा श्री चन्द्र शेखर डा. सुब्रम्हण्यम स्वामी (जनतादल) हरिकिशन सिंह सुरजित (भारतीय कम्युनिष्ट पार्टी, डा. फारुकी (भा.क.पा.) र एम.जे. अक्कर (कांग्रेस आई) हुनुहुन्थ्यो ।

सहाना प्रधान र श्री राधाकृष्ण मैनालीले भाग लिई राजासँग नारायणहिटी राजदरबारमा वार्ता गरे । फलस्वरुप चैत्र २६ गते राती निरंकुश पंचायती व्यवस्थाको मेरुदण्ड "निर्दलीय" भाँचिएको घोषणा भयो । राजनैतिक दलहरु संवैधानिक रुपमा फुकुवा भए र राजा र राजनीतिक दलहरुको वार्ता अगाडि बढ्ने वातावरण बन्यो । वि.सं. २०४७ साल बैशाख २ गतेका दिन राजाका तर्फबाट श्री लोकेन्द्रबहादुर चन्द, श्री नयनबहादुर स्वार, श्री पशुपति सम्सेर ज.ब.रा. र श्री अच्यूतराज रेग्मीले तथा नेपाली कांग्रेस र संयुक्त बाममोर्चाको तर्फबाट क्रमशः श्री दमननाथ ढुंगाना श्री योगप्रसाद उपाध्याय श्री नीलाम्बर आचार्य र श्री कृष्णराज बर्माले राजकीय प्रजा प्रतिष्ठानमा भएको वार्तामा भाग लिई पंचायती व्यवस्थाको अन्त्य, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पुनर्वहाली गर्नेमा सहमति जनाए । यसै अनुरुप राजाबाट तत्कालिन संविधानको केही धाराहरु निष्कृय भएको घोषणा भयो । फलतः वि.सं. २०४७ साल वैशाख ६ गते नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष श्री कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रीत्वमा नेपाली कांग्रेस, संयुक्त बाममोर्चा र श्री ५ बाट प्रस्ताव गरिएका २ जना समेत समावेश गरिएको ११ जना मन्त्री रहेको एक अन्तरिम संयुक्त सरकारको गठन भयो, जुन सरकारलाई व्यवस्थापिकाको अधिकार समेत सुम्पेर अन्य कुराको अलावा मुख्यतः दुईवटा कार्य सम्पन्न गर्न जनादेश भयो (मन्त्रिमण्डलको नामावली अनुसूचि १ मा हेर्नुहोला) ती दुई कार्य हुन्- नेपाल अधिराज्यको संविधान १० दिन भित्रमा बनाईसक्ने र सो संविधान अनुसार एक वर्ष भित्रमा आम निर्वाचनसम्पन्न गराई निर्वाचित सरकारलाई सत्ता सुम्पने कार्य ।

४. नेपाल अधिराज्यको संविधान निर्माण गर्न २०४७ साल जेठ १९ का दिन सर्वोच्च अदालतका न्यायाधीश श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाका तर्फबाट समेत कानूनविदहरुको प्रतिनिधित्व गराई ९जनाको संविधान सुझाव आयोग गठन भयो @ । उक्त सुझाव आयोगले नेपाल अधिराज्यभरबाट राय संकलन गरी संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको सुदृढीकरणका लागि

@ संविधान सुझाव आयोग: विश्वनाथ उपाध्याय-अध्यक्ष, दमननाथ ढुंगाना, लक्ष्मण अर्याल र मुकुन्द रेग्मी (ने.का.), भरतमोहन अधिकारी, माधवकुमार नेपाल र निर्मल लामा (संबामो), रमानन्दप्रसाद सिंह र प्रद्युम्नलाल राजभण्डारी (स्वतन्त्र)

नेपालको संविधानको मस्यौदा तयार पारी २०४७ भाद्र २५ मा पेश गऱ्यो । उक्त मस्यौदा व्यवस्थापिकाको समेत अधिकार प्राप्त अन्तरिम सरकारले पारित गरी असोज २५ गते श्री ५ महाराजाधिराजमा चढायो । श्री ५ बाट वि.सं. २०४७ कार्तिक २३ गतेका दिन नेपाल अधिराज्यको संविधान २०४७ लागु गरिवक्स्यो । यस संविधानमा २३ भाग १३३ धारा र ३ अनुसूचि रहेका छन् । यस संविधानका प्रमुख विशेषताहरुमा जनतामा सर्वभौमसत्ता रहने, संवैधानिक राजतन्त्र, मौलिकहरुको प्रत्याभूति, बहुदलीय प्रजातन्त्र, संसदीय व्यवस्था र बहुमतप्राप्त दलले राज्यव्यवस्था संचालन गर्ने अधिकार स्वतन्त्र न्यायलय संवैधानिक आयोगहरु जस्ता कुराहरु छन् । नेपालमा यसरी पुनः प्रजातन्त्रको वहाली भयो ।

५. नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि निर्वाचन आयोगले राजनीतिक दलहरुलाई विधिवत् आ-आफ्नो घोषणापत्र र संगठन सहित दल दर्ता गर्न सूचना गऱ्यो, जस-अनुसार ४७ वटा दलले आवेदन दिए (दलहरुको नाम अनूसूचि- २ मा हेर्नु होला) निर्वाचन आयोगले त्यसमध्ये- ४४ वटा दललाई वैधानिकता प्रदान गऱ्यो । वि.सं. २०४८ वैशाख २९ गते नेपाल अधिराज्यमा आम निर्वाचन हुने सूचना जारी गरी निर्वाचन आयोगले अधिराज्यको २०५ निर्वाचन क्षेत्रमा हुने प्रतिनिधि सभाको चुनावमा भाग लिन सवै दलहरुलाई आव्हान गरेपछि दर्ता भएका ४४ दलहरुमध्ये खालि २० वटा दलले मात्र चुनावमा भाग लिने घोषणा गरेर आ-आफ्नो दलबाट जम्मा ११२६ उम्मेद्वार र स्वतन्त्र २१९ गरी जम्मा १३४५ उम्मेदवार मैदानमा खडा गरेका थिए । यसमा महिला उम्मेदवार ८० जना थिए ।

६. यस आम निर्वाचनमा २०५ निर्वाचन क्षेत्रमा ८२२५ मतदान केन्द्र र ६५६४ उपकेन्द्र रहेका थिए र मतदान कार्यमा ६२८८१ कर्मचारी कार्यरत थिए । यस आम निर्वाचनमा २३ जिल्लाका ३३ निर्वाचन क्षेत्रमा ५३ मतदान केन्द्रहरुमा पुन मतदान गराउनु पऱ्यो । २० वटा दलहरुले चुनावमा भाग लिएकोमा आठवटा दलले मात्र निर्वाचनमा विजय हासिल गरे । नेपालको संविधानमा कूल खसेको मतको ३% मत भन्दा कम मत प्राप्त गर्ने दललाई राजनीतिक दलको मान्यता नदिने व्यवस्था भएअनुसार राष्ट्रिय स्तरमा

जम्मा ६ वटा राजनीतिक दलले मात्र मान्यता पाउन सके । निर्वाचनमा भाग लिने राजनैतिक दल, उम्मेदवारको संख्या, विजयी संख्या, प्राप्त मत, प्रतिशत र राष्ट्रिय स्तरमा कायम रहेका दलको तालिका तल दिएको छ ।

तालिका नं. १

क्र.सं.	दलको नाम	उम्मेदवार संख्या	विजयी संख्या	कूल प्राप्त मत	खसेको मतको प्रतिशत
१.	नेपाली कांग्रेस *	२०४	११०	२७,५२,४५२	३७.७५
२	ने.क.पा. एमाले *	१७७	६९	२०,४०,१०२	२७.९८
३.	संयुक्त जनमोर्चा *	७०	९	३,५१,९०४	४.८३
४.	नेपाल सदभावना पार्टी *	७५	६	२,९८,६१०	४.१०
५.	रा.प्र.पा. (चन्द) *	१५४	३	४,७८,६०४	६.५६
६.	रा.प्र.पा. (थापा) *	१६३	१	३,९२,४९९	५.३८
७.	ने.क.पा. (प्रजातन्त्रवादी)	७५	२	१,७७,३२३	२.४३
८.	नेपाल मजदुर किसान पार्टी	३०	२	९१,३३५	१.२५
९.	ने.रा.ज.मु.मो.	५०	-	३४,५०९	०.४७
१०.	ने.क.पा. वर्मा	३५	-	१६,६९८	०.२३
११.	जनता दल (स.प्र.)	१५	-	५,७६०	०.०८
१२.	ने.रा. जनपार्टी	४	-	५,७३२	०.०८
१३.	ने.क.पा. अमात्य	१५	-	४,८४६	०.०७
१४.	रा.ज.पा. नेपाल	९	-	४,२८०	०.०६
१५.	रा.ज.पा. (एच)	२७	-	४,४०६	०.०६
१६.	नेपाल कन्जरभेटिभ पार्टी	६	-	२,५६२	०.०४
१७.	बहुजन जनता पार्टी	१	-	२,०१२	०.०३
१८.	जनवादी मोर्चा नेपाल	१४	-	१,५१८	०.०२
१९.	अ.ने.स.परा.एकता पार्टी	१	-	९४	०.००
२०.	द.म.किसान पार्टी	१	-	९२	०.००
	स्वतन्त्र उम्मेदवार	२१९	३	३,०३,७२३	४.१७
		१३४५	२०५	६९,६९,०६१	९५.५८
	बदर मत			३२,२०२३	४.४२
	जम्मा खसेको मत			७२,९१०८४	१००

* राष्ट्रिय स्तरमा कायम रहेका पार्टीहरु

उपर्युक्त तालिका अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने दल नेपाली कांग्रेस भएकाले नेपाली कांग्रेसले सरकार गठन गर्ने सुअवसर प्राप्त गरेको छ । त्यसपछिको अर्को धेरै सीट विजय गर्ने नेपाल कम्युनिष्ट पार्टी (एमाले) भएकाले उक्त दलबाट विपक्षी नेता बनाउने र अन्य विपक्षी दलहरुकासाथ संसदमा प्रमुख विपक्षी भूमिका निर्वाह गर्ने मौका एमालेलाई प्राप्त भएको छ ।

७. नेपालको दुई सदनात्मक संसदको माथिल्लो सदन राष्ट्रिय सभाको प्रतिनिधित्व गर्ने कूल ६० जना प्रतिनिधिहरुमध्ये ३५ जना प्रतिनिधिसभाका सदस्यहरुबाट, १५ जना क्षेत्रीय आधारमा स्थानीय इकाईहरु (गाउँ, नगर र जिल्ला) बाट निर्वाचित हुने र १० जना श्री ५ बाट मोनोनित हुने संविधानमा व्यवस्था छ । राष्ट्रिय सभा सदस्यको निर्वाचन एकल संक्रमणीय मतको आधारमा गरिने भनिएको छ । यो पहिलो निर्वाचनमा स्थानीय इकाईहरु गठन भई नसकेकाले सबै ५० स्थानमा नै प्रतिनिधिसभाबाट निर्वाचन सम्पन्न भयो, जस अनुसार नेपाली कांग्रेसले ३१ स्थान, ने.क.पा. (एमाले) ले १६ स्थान, संयुक्त जनमोर्चा नेपालले २ स्थान र नेपाल सद्भावना पार्टीले १ स्थानमा विजय हासिल गरे । दशजना श्री ५ बाट भनोनित भए ।

८. एक निर्वाचन क्षेत्रभन्दा बढी क्षेत्रबाट उम्मेदवार भई विजय हासिल गर्नेले ६ महीना अवधि भित्र एक क्षेत्रमा मात्र आफ्नो प्रतिनिधित्व कायम राखी अरु क्षेत्रको प्रतिनिधित्व त्याग्नु पर्ने व्यवस्था अनुसार नेपाली कांग्रेसका तत्कालीन महामंत्री श्री गिरिजा प्रसाद कोइरालाले मोरङको निर्वाचन क्षेत्र नं. १ बाट र सुन्सरी जिल्लाको निर्वाचन क्षेत्र नं. ३ बाट विजय हासिल गरेकोमा पछिल्लो निर्वाचन क्षेत्रको प्रतिनिधिबाट राजीनामा दिई सक्नु भएको छ भने ने.क.पा (एमाले) का. महासचिव श्री मदन भण्डारीले काठमाडौंको निर्वाचन क्षेत्र १ र ५ बाट विजय हासिल गरेकोमा ५ नं. क्षेत्रबाट राजिनामा दिई सक्नुभएको छ । यी दुई क्षेत्रमा उपनिर्वाचन हुन बाँकी छ । उता स्वतन्त्र उम्मेद्वार भई विजय हासिल गर्ने तीनजना प्रतिनिधिसभाका सदस्यहरु क्रमश: श्री ओमकार प्रसाद गौचन (वाग्लुङ), श्री राजदेव गोइत (सिराहा)

र श्री गोविन्द चौधरी (रौतहट) नेपाली कांग्रेसमा प्रवेश गर्नुभएकोले वर्तमान प्रतिनिधिसभामा नेपाली कांग्रेसका ११२ सदस्य, ने.क.पा. (एमाले) का ६८ सदस्य कायम भएको र अन्यदलहरुको स्थिति यथावत भएकाले कूल २०५ सदस्य हुनुपर्नेमा २०३ जना मात्र छन् ।

२. हाम्रा सांसदहरु:

प्रतिनिधिसभाका यी २०३ जना, राष्ट्रियसभाका निर्वाचित ५० जना गरी जम्मा २५३ जना प्रतिनिधिहरुको बारेमा शायद सबै थाहा पाउने विरलै होलान् । यी प्रतिनिधिहरु के कस्ता पृष्ठभूमी, अनुभव र संघर्षबाट आएका हुन् ? के कति पहिलो संसदमा पनि थिए र यो लामो अन्तराल पछि पुन निर्वाचित भए ? के कति पंचायती व्यवस्थामा पनि विधायिकामा रहे र अहिले पनि निर्वाचित हुन सके ? श्री ५ बाट मनोनित राष्ट्रिय सभाका १० जना सदस्यहरु के कस्ता पृष्ठभूमिका र अनुभवका छन् । यी नव नेपालको निर्माण गर्न जन-आन्दोलन पछिको पहिलो संसदमा बस्ने प्रतिनिधिहरुको बैयक्तिक विवरणको विवेचना संक्षेपमा तल दिएको छ ।

(क) उमेरको वर्गीकरण:

दलको नाम /उमेर समूह	१९९७ अघि जन्मेका		१९९७ - ००७ मा जन्मेका		२००८-०१७ मा जन्मेका		०१७ पछि जन्मेका	
	प्रस	रास	प्रस	रास	प्रस	रास	प्रस	रास
१) नेपाली कांग्रेस	२७	१८	४६	६	३८	७	१	-
२) ने.क.पा. (एमाले)	६	२	३२	४	१९	१०	११	-
३) संयुक्त जनमोर्चा	१	-	२	१	६	१	-	-
४) नेपाल सद्भावनापार्टी	१	-	२	-	३	१	-	-
५) रा.प्र. पार्टी (चन्द)	-	-	३	-	-	-	-	-
६) रा.प्र. पार्टी (थापा)	१	-	-	-	-	-	-	-

७) नेपाल म. किसानपार्टी	१	-	-	-	१	-	-	-
८) ने.क.पा.(प्रजातन्त्रवादी)	१	-	-	-	१	-	-	-
९) श्री ५ बाट मनोनित	-	९	-	१	-	-	-	-
कुलजम्मा २६३	३८	२९	८५	१२	६८	१९	१२	-

उपर्युक्त उमेरको वर्गीकरणको आधार नेपालको इतिहासमा नयाँ अध्याय शुरु गर्ने प्रमुख राजनैतिक घटना घटेका तीन वटा वर्ष १९९७, २००७ र २०१७ लाई लिएको छ । यस आधारमा प्रतिनिधि सभामा सबभन्दा बढी ८५ जना प्रतिनिधिहरु वि. सं. १९९७ देखि वि.सं. २००७ साल भित्र जन्मेका छन् भने दोश्रो ठूलो समूह ६८ जना वि.सं. २००८ देखि वि.सं. २०१७ साल बीचमा जन्मेकाको छ । दलगत रुपमा हेर्दा पनि वि.सं. १९९७ साल पछिको पिंढीकै बाहुल्यता सबै दलमा पाइन्छ । पंचायती व्यवस्था ल्याएपछि जन्मेको पिंढी नेपाली कांग्रेसबाट एक जनाले मात्र प्रतिनिधित्व गरेको छ भने ने.क.पा. (एमाले) मा ११ जना प्रतिनिधिहरु पर्छन् । वि.सं. १९९७ साल भन्दा अगाडिको पिंढीको प्रतिनिधित्व मुख्यत: राष्ट्रिय सभाका सदस्यहरुले गरेका छन् जसमा २९ जनाको समूह पर्दछ । त्यसमा पनि श्री ५ बाट मनोनित सदस्यहरुलाई हेर्दा १० मा नौ जना उक्त अघिल्ला पिंढीका छन् । नेपालीहरुको वर्तमान सरदर आयुलाई आधार मान्ने हो भने राष्ट्रिय सभा प्रौढहरुको सभा भन्न सकिन्छ । यसरी उमेरको वर्गीकरणबाट हेर्दा नेपाली जनताले नयाँ युवा पिंढीलाई नै नव नेपालको निर्माण गर्ने जिम्मेवारी सुम्पेको स्पष्ट छ ।

(ख) शैक्षिक योग्यता

शैक्षिक योग्यता	प्रवेशिका भन्दा कम		प्रवेशिका		प्रमाण पत्र तह		स्नातक		स्नात-कोत्तर		विद्या-वारिधि		जम्मा	
दल	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.
नेपाली कांग्रेस	१७	३	६	६	१३	४	४५	११	३१	७	-	-	११२	३१
ने.क.पा. (एमाले)	३	१	८	१	१३	५	३१	४	१३	५	-	-	६८	१६
संयुक्त जनमोर्चा	२	-	२	-	-	-	४	१	-	२	-	-	९	२
नेपाल सद्भावना पार्टी	-	-	-	-	३	-	३	-	-	१	-	-	६	१
रा.प्र.पार्टी (चन्द)	-	-	-	-	१	-	१	-	-	-	१	-	३	-
रा.प्र.पार्टी (थापा)	१	-	-	-	-	-	-	-	-	-	-	-	१	-
नेपाल मजदूर किसान पार्टी	-	-	-	-	२	-	-	-	-	-	-	-	२	-
ने.क.पा. (प्र.)	-	-	१	-	१	-	-	-	-	-	-	-	२	-
श्री ५ बाट मनोनित	-	२	-	१	-	-	-	-	-	६	-	१	-	१०
जम्मा	२३	६	१७	८	३३	९	८४	१६	४४	२१	१	१	२०३	६०

(प्र- प्रतिनिधि सभा, रा- राष्ट्रिय सभा) = २६३

करीब ३५% साक्षरता भएको हाम्रो मुलकका जनताले ६२% भन्दा बढी सांसद अथवा १६८ ~~१६२~~ जना प्रतिनिधिहरु स्नातक र सोभन्दा बढी शैक्षिक उपाधि हासिल गरेकालाई

छान्नु निश्चय नै मुलुक निर्माण र संचालनका लागि उच्च शिक्षा हासिल गरेका माथि नै जनताले बढी विश्वास गरेको देखिन्छ । यसबाट जनता कति सचेत रहेछन् भन्ने झल्किन्छ । साथै स्नातक र सोभन्दा बढी विषयगत अध्ययनलाई विश्लेषण गर्दा नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने २ जना आयुर्वेदिक चिकित्सक, ३ जना चिकित्सक छन् भने एमालेबाट प्रतिनिधित्व गर्ने १ जना चिकित्सक र १ जना अध्ययनरत भएको पाइन्छ । १ जना मनोनित चिकित्सक समेत यस संसदमा जम्मा ७ जना चिकित्सक छन् । त्यस्तै नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने ३ जना इन्जिनियर छन् र एमालेबाट प्रतिनिधित्व गर्ने २ जना इन्जिनियरिङ पृष्ठभूमिका प्राविधिक छन् । त्यस्तै अन्य विषयहरुमा २७ जना कानून स्नातक छन् भने ४६ जना राजनीति शास्त्र, २९ जना अर्थ शास्त्रका २७ जना शिक्षा शास्त्रमा, १२ जना विज्ञानका, १९ जना साहित्यका, ५ जना भूगोलका स्नातक वा सो भन्दा बढी अध्ययन गरेका सांसदहरु छन् । नेपाली कांग्रेसबाट १ जना कृषि स्नातक छन् भने संसदमा जम्मा दुई जना मात्र विधावारिधि, प्राप्त गरेका सांसदहरुमा १ जना मनोनित र १ जना रा.प्र.पा. (चन्द) का प्रतिनिधि छन् । समग्रमा हेर्दा यो एक बौद्धिक वा प्राज्ञिक जमात देखिन्छ । यस संसदमा विचारहरु गहन, ओजस्वी र असरदार व्यक्त गरिन्छन् भन्ने सहज अनुमान गर्न सकिन्छ ।

ग) वैवाहिक र पारिवारिक स्तर

विवाहित संख्या	विवाहित		अविवाहित		बहु विवाहित		अन्तर - जातीय विवाहित		छोराछोरी संख्या								सरदर परिवार संख्या
									१ हुने,		२ हुने		३ हुने		४ वा वढी हुने		
दल	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	कूल
नेपाली कांग्रेस	१०१	२९	११	२	३	-	६	-	७	१	१८	६	२५	६	४९	१६	५.३
ने.क.पा. (एमाले)	६२	१५	६	१	-	-	१३	१	११	१	१७	६	११	३	१७	५	४.८
संयुक्त जनमोर्चा	९	२	-	-	-	-	-	-	१	-	-	१	२	१	६	-	५.८

नेपाल सद्भावना पार्टी	६	१	-	-	१	-	-	-	१	-	१	-	-	१	१	-	५.७
रा.प्र.पार्टी (चन्द)	३	-	-	-	-	-	-	-	-	-	१	-	१	-	१	-	५.०
रा.प्र.पार्टी (थापा)	१	-	-	-	-	-	-	-	-	-	-	-	-	-	१	-	१.०
नेपाल मजदूर किसान पार्टी	२	-	-	-	-	-	१	-	-	-	१	-	-	-	-	-	३.०
ने.क.पा. (प्र.)	२	-	-	-	-	-	-	-	१	-	१	-	-	-	-	-	३.५
श्री ५ बाट मनोनित	-	१०	-	-	-	-	-	-	-	२	-	१	-	२	-	५	५.१
जम्मा	१८६	५७	१७	३	४	-	२०	१	२१	४	३९	१४	३७	१३	७७	२६	५.३

(प्र- प्रतिनिधि सभा, रा- राष्ट्रिय सभा)

नोट: विवाहितको संख्या भित्र बहुविवाहित र अन्तर्जातीय विवाहितको संख्या समाविष्ट गरी त्यसैभित्रको संख्या उक्त शिर्षकहरुमा छुट्याएको हो ।

नेपालको बढ्दो जनसंख्यालाई दृष्टिगत गरी जनसंख्या वृद्धिदर घटाउन प्रक्षेपण गरिएको वृद्धिदरबाट हुन सक्ने सरदर परिवार संख्यालाई प्रतिनिधित्व गर्ने खालको नभएर सरदर ५.३ परिवार संख्या भएका सांसदहरुले प्रतिनिधित्व गरेको माथिको तालिकाबाट देखिन्छ । यसबाट जनसंख्याको नियन्त्रण र विकास दरमा वृद्धि गर्ने नीति कार्यान्वयनका लागि सांसदहरुको परिवार नै उदाहरण हुन सक्नु पर्नेमा नेपाली जनताले जनादेश दिंदा त्यसतर्फ विशेष चासो नराखेको देखिन्छ । राजनीतिक संघर्षमा उत्रेका सांसदहरुले अविवाहित रही मुलुकको चिन्तन र कल्याणमा नै आफ्नो युवावस्था बलिदान दिई हाल प्रौढावस्थामा पुग्न लागेका अविवाहित सांसदहरुको संख्या पनि २० छ । समग्रमा ३ छोराछोरीहरु हुने सांसदहरु ४७.३२ प्रतिशत छन् भने ३ भन्दा बढी छोराछोरी हुनेमा ५२.६८ प्रतिशत छन् । ३ भन्दा बढी छोराछोरी जन्माउने र बहुविवाह गर्ने सांसदहरुमा नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने नै बढी भएको पाइन्छ । दलगत रुपमा भने रा.प्र.पा. (थापा) का एक मात्र सांसदको परिवार

संख्या ९.० भएकाले सबभन्दा धेरै परिवार संख्याको प्रनितिधित्व गरेको देखिन्छ तापनि एउटा मात्र परिवार लिएर हेर्ने हो भने सबभन्दा बढी श्रीमती र छोराछारी हुने सांसदमा ने.का. का सूर्यभक्त अधिकारी छन् । उनका ४ श्रीमती र ११ छोराछोरी भएको उल्लेख गरेको छ । यसैगरी दोश्रो व्यक्तिमा ने.का. कै डा. खलील मियाँ छन् । उनका १० छोराछोरी भएको उल्लेख छ । ने.क.पा. (एमाले) का १४ जना सांसदहरुले अन्तर्जातीय विवाह अपनाएका छन् । यसबाट यो दलका प्रतिनिधिहरुले बहुजातीय नेपाली समाजबाट समन्वयात्मक नेपाली समाजको सृजनामा अग्रणी भूमिका निर्वाह गरेको देखिन्छ ।

घ) जातीय आधारमा प्रतिनिधित्व

बाहुन जाति/दल	ने.का.		एमाले		सबमो		सद्भावना		राप्रपा (चन्द)	राप्रपा थापा	नेम किपा	नेकपा (म)	मनो नित	जम्मा
	पु.	म.	पु.	म.	पु	म.	पु.	म.	पु.	पु.	पु.	पु.	पु.	
बाहुन	४४	१३	२७	५	२	२	१	-	२	-	-	-	४	१००
क्षेत्री, ठकुरी, राजपुत	२८	५	१०	३	१	-	१	-	१	१	१	-	३	५४
नेवार	६	४	६	४	-	-	-	-	-	-	१	१	-	२२
गुरुङ	४	२	३	-	-	-	-	-	-	-	-	-	-	९
तामाङ्ग	१	-	२	-	३	-	-	-	-	-	-	-	-	६
थकाली	१	१	१	-	१	-	-	-	-	-	-	-	-	४
राई	१	-	४	-	-	-	-	-	-	-	-	-	-	५
लिम्बु	-	२	७	१	-	-	-	-	-	-	-	-	१	११
मगर	३	-	१	-	२	-	-	-	-	-	-	-	१	७
थारु	१०	१	४	१	-	-	२	-	-	-	-	-	-	१८
राजवंशी	-	-	१	-	-	-	-	-	-	-	-	-	-	१
यादव	५	-	-	-	-	-	-	१	-	-	-	१	-	७
मुसलमान	३	१	१	-	-	-	१	-	-	-	-	-	-	६
दमाई	१	-	-	-	-	-	-	-	-	-	-	-	-	१
कामी	-	१	-	-	-	-	-	-	-	-	-	-	-	१
सार्की	-	-	-	१	-	-	-	-	-	-	-	-	-	१
अन्य	५	१	१	१	-	-	१	-	-	-	-	-	१	१०
जम्मा	११२	३१	६८	१६	९	२	६	१	३	१	२	२	१०	२६३

जात-जातिको दृष्टिकोणले यस संसदमा नेपालका अधिकांश जात-जातिले प्रतिनिधित्व गरेको पाइन्छ । जातीय आधारमा बाहुल्यता बाहुनको छ भने त्यसैगरी क्रमशः क्षेत्री, नेवार, थारु र लिम्बुको संख्या दोस्रो, तेस्रो, चौथो र पाँचौंमा पर्दछ । नेपालका जन-जातिहरुको समानुपातिक रुपमा संसदमा यति ठूलो प्रतिनिधित्व भएको यो पहिलो पल्ट हो तापनि नेपालमा अझै धेरै जन-जातिहरुमा नेतृत्व विकास गराउन र समूदायलाई नेतृत्वको होडवाजीमा प्रतिस्पर्धा गराउन बाँकी नै छ । अहिलेका प्रतिनिधिहरुबाट प्रजातन्त्रलाई दरो बनाउन र संसदीय व्यवस्थालाई अरु सुदृढ गराउन जति ठोस योगदान पुग्दै जानेछ, त्यतिनै चाँडो "नेपाल सबै जातको फूलबारी" हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

(ङ) पेशागत आधार

दल/पेशा	शिक्षण		अन्य नोकरी		वकालत		खेती/व्यापार		विद्यार्थी		राजनीति	
	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा.	प्र.	रा
नेपाली कांग्रेस	१५	४	४	-	८	-	-	-	-	-	८५	२७
ने.क.पा. (एमाले)	२३	-	७	२	३	२	-	-	-	-	३५	१२
संयुक्त जनमोर्चा	१	-	-	-	१	१	५	-	-	-	२	१
नेपाल सद्भावना पार्टी	-	-	-	-	-	-	५	-	-	-	१	१
रा.प्र.पार्टी (चन्द)	-	-	-	-	-	-	-	-	-	-	३	-
रा.प्र.पार्टी (थापा)	-	-	-	-	-	-	-	-	-	-	१	-
नेपाल मजदूर किसान पार्टी	-	-	-	-	-	-	-	-	१	-	१	-
ने.क.पा. (प्र.)-	-	-	-	-	-	-	-	-	१	-	१	-
श्री ५ बाट मनोनित	-	१	-	-	-	-	-	-	-	-	९	-
जम्मा	३९	५	११	२	१२	३	१०	-	२	-	१३८	४१

उपर्युक्त तालिकाबाट यस संसदमा निर्वाचित र मनोनित गरी १७९ सदस्यहरुले आफ्नो जीवनको मुख्य पेशा नै राजनीति बनाएको देखिन्छ भने दोस्रो ठूलो समूह ४४ जना सदस्यहरु शिक्षण पेशाट राजनीतिमा उत्रेको स्पष्ट छ । वकालत पेशा अपनाउने सांसदरु १५ जना छन् भने १३ जना अन्य नोकरी पेशा छोडर राजनीतिमा आएका छन् । दुई जनाले पढ्दा पढ्दैका पिद्यार्थी बताएका छन् भने १० जनाले मात्र खेती, व्यापार पेशा अपनाई बसेको उल्लेख गरेका छन् । हुनत अरु सदस्यहरुको पनि जीवनधान्ने श्रोत निश्चिय नै खेती, उद्योग, व्यापार नै हुनसक्ला तर आफ्नो जीवनलाई राजनीतिमा नै अर्पण गरेर पेशा नै राजनीति बनाउने सांसदहरुबाट अब राजनीति कै माध्यमबाट अरु आर्जन गर्ने स्वार्थ भविष्यमा प्रदर्शन नहोला भनेर विश्वास गर्न सकिन्छ ।

च) राजनैतिक पृष्ठभूमि

संसदका जम्मा २६३ सदस्यहरुमध्ये वि.सं. २०१५ सालको आम निर्वाचनमा विजय हासिल गरी त्यसवखत सांसद भएकाहरु प्रति अहिलेको प्रतिनिधिसभामा ६ जना र राष्ट्रिय सभामा १ जना छन् । यी ७ जनाले नेपाली कांग्रेसबाट प्रतिनिधित्व गरेका छन् । पंचायतकालको व्यवस्थापिका राष्ट्रिय पंचायतमा प्रतिनिधित्व गरिसकेका अहिलेका संसदमा पनि निर्वाचित हुनेहरुमा नेपाली कांग्रेबाट ५ जना नेकपा (एमाले) बाट ५ जना, नेपाल सद्भावना पार्टीबाट २ जना र रा.प्र.पा. (चन्द)बाट ३ र ने.क.पा. (प्रजातन्त्रवादी) बाट १ जना गरी जम्मा १६ जना छन् । यी १६ जनामध्ये पंचायतकालमा नै २ जना मन्त्री, २ जना राज्यमन्त्री र २ जना सहायकमन्त्री- भइसकेका छन् । त्यस्तै जन-आन्दोलन पछिका अन्तरिम कालका मन्त्री मण्डलमा रहने मन्त्रीहरुमध्ये १ जना नेपाली कांग्रेस र २ जना ने.क.पा. (एमाले) बाट निर्वाचित भई प्रतिनिधि सभामा आएका छन् ।

हालका सांसदहरु मध्ये नेपाली कांग्रेसका ८७ जना, नेकपा (एमाले)का ४० जना, संजमोका ८ जना, नेपाल सद्भावना पार्टीका ३ जना, रा.प्र.पा. (चन्द) र (थापा)का १/१ जना र ने.म.कि पार्टीका २ जना गरी जम्मा १४२ जना राजनैतिक कारणले जेल परि सजाय भोगेका छन् । उपर्युक्त जेल जानेहरुमध्ये जेलबाट बाहिर निस्कदा पनि नेपालभित्र बस्न नपाई पूर्णत निर्वासित जीवन विताउनेहरु ६ जना नेपाली कांग्रेसबाट छन् भने पूर्णत: भूमिगत भई

जन-आन्देलन सो भन्दा पछि देखा पर्नेहरुमा नेकपा (एमाले)बाट ३ जना र सं.ज.मो.बाट २ जना भएको आफ्नो व्यैयक्तिक विवरणमा सांसदहरुले उल्लेख गरेका छन् ।

दलीय आधारका वा द्विपक्षीय अथवा बहुपक्षीय आधारमा अन्तर्राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गरी भाग लिएकाहरुमा नेपाली कांग्रेसका १४ जना, नेकपा (एमाले)का १३ जना, सं.ज.मो.का २ जना, सद्भावनाका २ जना, रा.प्र.पार्टी (चन्द) का २ जना र नेकपा (प्रजातन्त्रवादी)का १ जना मनोनितबाट ४ जना गरी जम्मा ३८ जना सांसदहरु छन् । यसरी यो संसदमा अन्तर्राष्ट्रिय राजनीतिक गतिविधि र विकाससंग अन्योन्याश्रित सम्बन्ध कायम गरी प्रजातान्त्रिक पद्धतिबाट नेपाली राष्ट्रवादको उत्थान गर्न समर्थवान र अनुभवी सांसदहरु पनि प्रसस्त भएको यस तथ्याङ्कबाट स्पष्ट हुन्छ ।

छ. यस संसदमा जम्मा १० जना महिलाहरु छन् । ती मध्ये ७ जना नेपाली कांग्रेस र तीन जना नेकपा (एमाले)बाट प्रतिनिधित्व गर्दछन् । महिलाहरुमा सवभन्दा बढी उमेरकी नेपाली कांग्रेसकी मैयादेवी श्रेष्ठ (६३) हुनुहुन्छ भने सवभन्दा कम उमेरकी एमालेकी थममाया थापा (३२) हुनुहुन्छ ।

ज. राजनैतिक प्रतिबद्धता

राजनैतिक प्रतिबद्धता उल्लेख गर्दा विभिन्न शब्दमा सांसदहरुले उल्लेख गरेका छन् । दलगतरुपले मनसायमा त्यति पृथकता नदेखिए तापनि जुन शब्दलाई उल्लेख गरेको छ, प्रतिबद्धता त्यसमा बढी हुने भएकाले दलभित्र पनि वैचारिक भिन्नता यथेष्ट छ भन्न सकिन्छ । जस्तै दुवै सदनका नेपाली कांग्रेसका सांसदहरुले आफ्नो राजनीतिक प्रतिबद्धता यस प्रकार उल्लेख गरेका छन् ।

प्रजातान्त्रिक समाजवाद	३९ जना
राष्ट्रियता प्रजातन्त्र र समाजवाद	२९ जना
ने.का.को प्रजातान्त्रिक समाजवाद	१७ जना
ने.का.को सिद्धान्त र आदर्श	९ जना
नेपाली कांग्रेस	२० जना
राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक समाजवाद	५ जना
प्रजातन्त्र	३ जना
वी.पी.द्वारा प्रतिपादित राष्ट्रियता, प्रजातन्त्र र समाजवाद	३ जना
उल्लेख नगर्ने	१० जना
	१३५

अरु ६ जनाले क्रमशः उदार प्रजातन्त्र, ने.वि.संघमा सकृय, समानता एक मानवतावाद र प्रजातन्त्र, प्रजातन्त्र र मानव अधिकारको समर्थक भै ने.का. मा समर्पित, ने.का. को प्रजातान्त्रिक समाजवाद, संवैधानिक राजतन्त्र, संसदीय बहुदलीय प्रजातन्त्र र राष्ट्रियता, ने.का. को समाजवादी सिद्धान्त उल्लेख गरेका छन् भने बाँकी २ जनाले गरीव जनताको जीवनस्तर सुदृढ नभएसम्म सकृय राजनीतिक जीवन व्यतित गर्न प्रतिबद्ध भनेका छन् । राजनैतिक प्रतिबद्धता कै आधारमा व्यक्तिको संलग्नता दलको नीति र कार्यक्रममा र वैचारिक अनैक्यताको मात्रा मापन गरिने भएकोले यो माथिको तथ्यांकबाट विभिन्नता झल्किन्छ ।

अब यसै गरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) को हेरौं । दुवै सदनका यस दलका सांसदहरुले आफ्नो राजनैतिक प्रतिबद्धता यस प्रकार उल्लेख गरेका छन् :

मार्क्सवाद, लेनिनवाद	४५ जना
ने.क.पा. (एमाले) को सिद्धान्त	११ जना
मार्क्सवादी सिद्धान्त र दर्शन	७ जना
द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद	४ जना
साम्यवादी आदर्श	३ जना
वामपन्थी	३ जना
उल्लेख नगर्ने	३ जना
	७६

बाँकी ८ जनाले क्रमशः श्रमजीवी जनताको हकहितः मार्क्सवाद र वैज्ञानिक समाजवादः मार्क्सवाद लेनिनवाद र कम्युनिज्मः मार्क्सवाद लेनिनवाद अन्तर्गत बहुदलीय जनवाद, मा.ले. र सर्वहारा अन्तर्राष्ट्रियवाद, समानता, बुद्ध धर्म र नौलो जनवाद उल्लेख गरेका छन् । यसरी ने.क.पा. (एमाले) भित्र पनि प्रतिबद्धतामा अनैक्यता उल्लेख छ ।

संयुक्त जनमोर्चाका सांसदहरुले आफ्नो राजनैतिक प्रतिवद्धता यस प्रकार उल्लेख गरेका छन्:

मार्क्सवाद, लेनिनवाद र माओवाद	८ जना
मार्क्सवाद	२ जना
उल्लेख नगर्ने	१ जना
	११ जना

यस दलभित्र वैचारिक एकतामा बढी समानता देखिन्छ ।

नेपाल सद्भावना पार्टीका ७ सांसदहरुमध्ये ६ जनाले प्रजातान्त्रिक समतावादी समाजको निर्माण उल्लेख गरेका छन् भने १ जनाले "आफ्नो सिद्धान्त" मात्र उल्लेख गरेर राजनैतिक प्रतिवद्धता देखाएका छन् । रा.प्र.पा. (चन्द) का तीन सांसदहरुले तीन अलग धारणाहरु (संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र, प्रजातन्त्र, प्रजातान्त्रिक चरित्र, आचरण र व्यवहारिक प्रजातन्त्र) उल्लेख गरेका छन् भने रा.प्र.पा. (थापा) का एक मात्र सांसदले सामाजिक सेवा उल्लेख गरी राजनैतिक प्रतिवद्धता देखाएका छन् । नेकपा (प्रजातन्त्रवादी) का १ सांसदले सर्वहारा अधिनायकवादप्रति राजनैतिक प्रतिवद्धता देखाएका छन् भने अर्का एक जनाले उल्लेख गरेनन् । नेपाल मजदूर किसान पार्टीका २ जनाले केही सुक्ष्म भिन्नता दर्शाउने गरी (मार्क्सवाद, लेनिनवाद, माओवाद र यसलाई देश काल परिस्थिति अनुसार परिमार्जन गर्ने र मार्क्सवाद लेनिनवाद र माओवाद) मा आ-आफ्नो प्रतिवद्धता देखाएका छन् । श्री ५ बाट मनोनित सांसदहरु मध्ये ३ जनाले प्रजातान्त्रिक समाजवाद उल्लेख गरेका छन् भने बाँकीले क्रमश: ने.का. को प्रजातान्त्रिक समाजवाद, प्रजातन्त्र, राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, संवैधानिक राजतन्त्र र हिन्दूधर्म, राष्ट्रसेवा र समाजवादप्रति प्रतिवद्धता देखाएका छन् र बाँकी २ जनाले केही उल्लेख गरका छैनन् ।

झ) सांसदहरुको व्यक्तिगत सुखद र दुःखद घटना

नेपाली कांग्रेसका सांसदहरु मध्ये सबैभन्दा बढी ८६ जनाले आफ्नो जीवनको सबैभन्दा सुखको क्षण प्रजातन्त्रको स्थापनालाई उल्लेख गरेका छन् भने, ८ जनाले प्रतिनिधि सभामा विजयी भएको दिनलाई सुखद घटना भनेका छन् । २७ जनाले केही उल्लेखै गरेनन् । बाँकी अरुको व्यक्ति विशेषको सुखद घटनाहरु फरक-फरक देखिन्छ । जस्तै विवाह भएको घटना, बाघसँग जम्काभेट, ०४६ को विजयी जुलुस, निर्वासनपछि घर फर्कदा, बी.पी.सँगको भेट, जेल रिहाई, बी.पी.को जेलमुक्ति, ००७ सालको क्रान्ति, कांग्रेसको सरकार गठन, मन्त्री भएर सेवा गर्न पाएको आदि-आदि घटनाहरुलाई आ-आफ्नो जीवनको सुखद क्षण उल्लेख गरेका छन् ।

त्यस्तै आफ्नो जीवनको सबैभन्दा बढी दुःखको घटनावारे सोधिएको प्रश्नको जवाफमा २४ जनाले बी.पी.को मृत्यु बताए, ११ जनाले हालको ~~जन्म~~ चुनाव परिणाम, ११ जनाले जेलको यातना र कठोर जीवन, ७ जनाले प्रजातन्त्र प्राप्तिका लागि साथीहरुको हत्या, ७ जनाले माता-पिताको मृत्यु, ११ जनाले २०१७ सालमा भएको प्रजातन्त्रको हत्या, २ जनाले लाठीचार्जबाट हातखुट्टा भाँचिएको, २ जनाले कृष्णप्रसाद भट्टाराईले चुनाव हारेको, २ जनाले पंचायती सरकारको दमन, २ जनाले श्रीमतीको मृत्यु, २ जनाले विरोधीहरुबाट दिएको दुःख र २ जनाले प्रजातन्त्रको संघर्षमा साथीहरु वेपत्ता भएको घटनाहरुलाई सबभन्दा दुःखको घटना उल्लेख गरेका छन् । कुनै घटनानै उल्लेख नगर्ने ३९ जना छन् भने बाँकीले आ-आफ्नो बेग्ला-बेग्लै घटना (जस्तै- सत्याग्रह, देश निकाला, २०३६-०४६ सम्मको अवधि, जन-आन्दोलनमा मार्न खोजेको, २००७ मा श्री ५ त्रिभुवनले देश छोडेको, शम्सेरबहादुरलाई काटेर टाउको देखाएको, धर्मप्रसाद ढकाललाई काटेको, निर्वासित जीवनमा पैसाको अभाव, सुरजपुरा घटना आदि आदि) उल्लेख गरको छन् ।

ने.क.पा. (एमाले)का सांसद मध्ये आफ्नो जीवनको सुखद घटना उल्लेखनै नगर्नेमा २९ जना छन् भने २६ जनाले जन-आन्दोलनबाट भएको विजय (प्रजातन्त्र प्राप्ति) लाई उल्लेख गरेका छन् । १० जनाले कम्युनिष्ट पार्टीको सदस्यता पाएकोदिन उल्लेख गरेका

छन् । त्यस्तै ४ जनाले मालेको स्थापना (०३५।९।११) का दिनलाई उल्लेख गरेका छन् भने ३/३ जनाले क्रमशः मार्क्सवादी र मार्क्सवादी-लेनिनवादीको एकता भएको दिन र संसदमा विजयी भएको दिन सुखमय घटना मानेका छन् । २/२ जनाले क्रमशः ०४६ चैत्र २७ गतेको दिन र ०३३ मा नख्खुबाट जेल तोडेर १५ जना मुक्त भएको घटनालाई उल्लेख गरेका छन् । बाँकीले आ-आफ्नो अलग-अलग घटना उल्लेख गरेका छन् ।

त्यस्तै ने.क.पा. (एमाले) का साँसदहरुले आफ्नो सवैभन्दा दुःखद घटना यसरी उल्लेख गरेका छन्:- सुखानी, पिस्कर गोलीकाण्ड- १३ जनाले, यातना (जेलको, प्रहरीको प्रशासनको विरोधीको) पाएको- १४ जनाले, रत्न बान्तवा र हरी नेपालको हत्या ८ जनाले, माता-पिताको मृत्यु- ४ जनाले, पुष्पलालको निधन २ जनाले, साथीबाट विश्वासघात २ जनाले र उल्लेख नगर्ने ३१ जना छन् । बाँकीले वेग्लावेग्लै घटनाहरु (जस्तै पंचायती दमन, जन-आन्दोलन, ०१७ पुष १ गते, ०४३ मा रा.पं.मा पराजय, वैकुण्ठको चट्याङबाट मृत्यु, जनमतमा निर्दलको विजय, माओको मृत्यु, ०३५ मा २ जना कांग्रेसीलाई फाँसी दिएको, भिक्षु अमृतानन्दको मृत्यु आदि आदि) उल्लेख गरेका छन् ।

संयुक्त जनमोर्चाका ११ सांसदहरुमध्ये ९ जनाले सुखद घटनामा केही उल्लेख गरेको छैन भने १ जनाले वी.वी.सी. बाट लामा संस्कृतिलाई विश्वव्यापी रुपमा प्रकाश पार्न पाएको घटना र १ जनाले पार्टीको सदस्यता पाएको घटनालाई उल्लेख गरेका छन् । त्यस्तै सं.ज.मोर्चाका साँसदहरुले आफ्नो दुःखदायी घटना ७ जनाले कुनै उल्लेख नगरेको र ४ जनाले क्रमशः पार्टीमा फूट, वौद्ध भिरुले उल्टो दर्शनको आरोप लगाएको, भूमिगत नेताको मृत्यु र निर्वासनमा खान नपाएको क्षणलाई बताएका छन् ।

नेपाल सद्भावना पार्टीका ७ साँसदहरु मध्ये सुखद घटनावारे ४ जनाले केही उल्लेख गरेका छैनन, २ जनाले सद्भावना पार्टीको सफल गठन र १ जनाले प्रजातन्त्रको स्थापनालाई सुखद घटना बताएका छन् । दुःखद घटना विषयमा सवैले वेग्ला वेग्लैरुपले

बामकाण्डमा सजाय, पंचायती सरकारले गरेको हत्या र आरोप, रा.पं.स हुँदाको अवस्था, ०४२ मा पुलिसबाट पिटाई आदि उल्लेख गरेका छन् ।

रा.प्र.पा. (चन्द) का ३ सांसदहरु मध्ये दु:खदायी र सुखमयी घटना उल्लेख नगर्ने २ जना छन् भने १ जनाले सुखदायी घटना चन्द मं.प. मा हुँदा वार्ताद्वारा बहुदलीय व्यवस्था ल्याउन सहयोग पुऱ्याएको र दु:खदायी घटना २०४८ को आम निर्वाचनमा लामोसाँघुको हिंसात्मक घटनालाई उल्लेख गरेका छन् ।

रा.प्र.पा. (थापा) का एकमात्र सांसदले केही उल्लेख गरेको छैन । ने.म.कि.पा.का दुईजना सांसदहरुमध्ये आफ्नो जीवनको सवैभन्दा दु:खको घटनामा १ जनाले गोरखपुरमा गोलीलागेको र भक्तपुर काण्डमा फँसाएको दुई घटना उल्लेख गरेका छन् र अर्का सांसदले केही उल्लेख गरेका छैनन् । त्यस्तै सुखमय घटनामा १ जनाले पार्टी सदस्यता प्राप्त गरेको र अर्काले जन-आन्दोलनपछिको जेलमुक्तलाई उल्लेख गरेका छन् । ने.क.पा. (प्रजातन्त्रवादी) का दुई सांसदहरुमध्ये एकले सत्याग्रहमा बामकाण्ड र ०४६ को प्रहरी काण्ड अर्काले विपक्षीबाट भएको धन-जनको क्षतिलाई सवैभन्दा दु:खदायी घटना बताएका छन् भने सुखदायी घटना एक जनाले मात्र ०४६ चैत्र २६ गते को घोषणालाई उल्लेख गरेका छन् ।

श्री ५ बाट मनोनित १० सदस्यहरु मध्ये सुखदायी घटना उल्लेख नगर्ने ७ जना सांसद छन् भने ३ जनाले प्रजातन्त्र प्राप्तिलाई मानेका छन् । त्यस्तै दु:खदायी घटनापनि ७ जनाले उल्लेख गरेका छैनन् र ३ जनाले क्रमश: जनमत संग्रह, भूमिगत अवस्था र बाबुको मृत्यु उल्लेख गरेका छन् ।

३. साँसदहरुको बैयक्तिक विवरण

साँसदहरुलाई भराएका बैयक्तिक विवरण यहाँ जस्ताको तस्तै राख्दा पुस्तकको आकारमा अत्यन्त वृद्धि भई मूल्य बढ्ने भएकाले सर्वसुलभ नहुने हुँदा वैयक्तिक विवरणलाई संक्षेपीकरण गर्न जरुरी देखियो । सांसदहरुलाई भराएको फारमको नमूना तल दिइएको छ । उक्त फारमका प्रश्नहरु राखेर सांसदको बैयक्तिक विवरण तयार पार्दा २६३ पटक प्रश्न दोहोऱ्याउनु पर्ने र पुस्तकाकार मात्र बढ्ने भएकाले तल एक ठाउँमा फारमको नमूना उल्लेख गरेको छ । फारममा उल्लेख गरेको क्रमसंख्या (नम्बर) मात्र प्रत्येक सांसदको बैयक्तिक विवरणमा दिइएको छ । जस्तै नं. २ को अर्थ जन्ममिति, नं. १० को अर्थ हो जेलयात्रा, नं. १२ ख भए सुखदायी घटना आदि आदि । यदि कुनै सांसदको बैयक्तिक विवरणमा कुनै क्रमसंख्या (नंम्बर) टुटेको भए सो क्रमसंख्यामा सोधिएको प्रश्नको जवाफ सम्बन्धित सांसदले नलेखेको बुझ्नुपर्छ । त्यस्तै नं. ४ र ५ को ठेगाना पछाडिको अंकहरु टेलिफोन नम्बरको हो । नं. ६ मा शैक्षिक योग्यताको उपाधि, विषय, हासिल गरेको वर्ष र विद्यालय/विश्वविद्यालय क्रमशः उल्लेख गरेको छ । नं. ७ को वैवाहिक स्तर पछिको (१/२) एक अब्लीक दुई जस्ता अंकहरु उल्लेख गरेको भए अब्लीक अगाडिको अंकले छोराको संख्या र अब्लीक पछिको अंकले छोरीको संख्या जनाउँछ । सांसदहरुले भरेका मुख्य कुराहरु भने वैयक्तिक विवरणमा नछुटाई छोटो वाक्यमा राखिएको छ । केही सांसदहरुले कुनै कुनै प्रश्नको जवाफ अत्यन्त लामो लेखेकोमा सम्पादन गरी छोटो पार्ने काम भएको छ ।

- सांसदहरुलाई भराएको फारमको नमूना

नाम थर.....

(निर्वाचन क्षेत्र..... प्राप्तमत.....)

१. जात/जाति..... २. जन्म मिति.....

३. जन्मस्थान.....

४. स्थायी ठेगाना...../फोन नं.....

५. काठमाडौंको ठेगाना..... /फोन नं.....

६. शैक्षिक योग्यता.....विषय..... वर्ष..... संस्था.....

७. वैवाहिक स्तर..... छोरा...../छोरी.....

८. साँसद हुनु अगाडिको पेशा..... .....संलग्नता वर्ष.....

९. क. राजनैतिक जीवनी..... (संस्थाको नाम, पद, अवधि)

ख. अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको सदस्य भए (संस्थाको नाम, पद, अवधि)

१०. जेल यात्राः (अभियोग, जेलको नाम, अवधि)

११. जीवन यापनको श्रोत.....

१२. राजनीतिक जीवनको चिरस्मरणीय घटनाः-

क. दुःखदायी

ख. सुखदायी

१३. अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व भए (सम्मेलन, स्थान, अवधि)

१४. सैद्धान्तिक प्रतिवद्धताः

क. नेपाली कांग्रेस

१. प्रतिनिधि सभा



अर्जुनजंग बहादुर सिंह

(बझाङ-१, प्राप्तमत ९६४६)

(१) क्षेत्री (२) २०१७ (३) व्यांसी छविसकोट

(४) पौवागडी गा.वि.स.-९ छान्ना

(५) बसन्त भवन, विशालनगर/ ४१८५७४ (६) वी.एल.कानून,२०४१,त्रि.वि.वि (७) विवाहित (८ राजनीति, वकालत ५ वर्ष (९) ने.वि. संघ केन्द्रीय सदस्य, उपाध्यक्ष (२०३८-०४४), ने.का. जिल्ला सचिव (२०४२-०४८) (१०) राजनीतिक, सत्याग्रह, जन-आन्दोलन २०४६-डोटी, बझाङ र केन्द्रीय कारागार (१२) क. वी.पी.को मृत्यु ख. बहुदलको घोषणा (१४) ने.का.को प्रजातान्त्रिक समाजवाद, संवैधानिक राजतन्त्र, संसदीय बहुदलीय प्रजातन्त्र, राष्ट्रियता ।



अर्जुन नरसिंह के.सी.

(नुवाकोट-३, प्राप्तमत-११०८६)

(१) क्षेत्री (२) ११-६-२००४ (३) राउतवेसी, नुवाकोट

(४) ऐ (५) गोगंवु, काठमाडौ/ ४१०४९५

(६) एम.ए.-वी.एल. राजनीति शास्त्र, कानून २०२७-०२८, त्रि.वि. (७) विवाहित-१/४ (९) क. ने.वि. संघ संस्थापक सदस्य,प्रजातान्त्रिक समाजवादी युवादलको सदस्य,रा.पं. सदस्य-५ वर्ष, स्वास्थ्य राज्यमन्त्री १ वर्ष, जनमत पछि पंचायत भित्र उदारवादी धारणा लिई निरन्तर संघर्ष गरेको ख. Nepal Centre for Continueing Education- अध्यक्ष (१०) राजनीतिक अभियोग- भद्रगोल, सेन्ट्रल, नख्खु, डिल्लीबजार, नुवाकोट कारागारमा ५ वर्ष ११) खेती (१२) ख. ३२ वर्ष पछि पुन: नेपाली कांग्रेसको बहुमत प्राप्त सरकारको गठन (१३) इन्टरनेशनल भिजिटर प्रोग्राम- अमेरिका - ०४१, W.H.O को प्रनिधित्व-जेनेभा- २०४२ १४) प्रजातान्त्रिक समाजवाद



आत्माराम ओझा (बाहुन)

(पर्सा-१, प्राप्तमत ७७०३)

(१) बाहुन (२) १९९७ (३) बहुअर्वा माठा

(४) बहुअर्वा माठा, पर्सा (५) ग-२-२६-१ गौशाला/ ४७३१०२

(६) स्नातक, राजनीतिक, इतिहास-२०३१ (७) विवाहित (८) राजनीति र समाजसेवा-३३ वर्ष ९) क. ने.का. केन्द्रीय सदस्य २०१४ देखि (१०) राजकाज, अराष्ट्रिय तत्व, शान्ति सुरक्षा-विभिन्न जेलमा १४ वर्ष (११) खेती (१२) क. २०१७ पौष १ को घटना ख. २०४६ चैत्र २६ जन-आन्दोलनबाट बहुदल प्राप्त (१४) वि.पी. द्वारा प्रतिपादित राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई स्वीकार गरी नेपाली कांग्रेस प्रति प्रतिवद्ध ।



आनन्दप्रसाद ढुंगाना

(धनुषा३, प्राप्तमत -२०८६७)

(१) बाहुन (२) २००७-०७-२२ (३) धनुषा गोविन्दपुर धनुषा

(४) गोविन्दपुर-१, धनुषा (६) वी.ए.एल.एल.वी, अर्थशास्त्र, कानून-२०३१, त्रि.वि. (७) विवाहित-२/- (९) क. ने.वि.संघ. सदस्य २०२४- २०२७, रा.रा. क्याम्पस यूनियन सभापति-०२८-०२९, ने.वि.संघ सदस्य धनुषा ०२८-०३०, ने.का. सचिव २०३५-०४६, नेपाली कांग्रेस धनुषा जिल्ला सभापति- २०४६- हालसम्म (१०) राजकाज-२०२७-०२८-यदुकुहा काण्ड-२०२९, सत्याग्रह- २०४२, शान्तिसुरक्षामा पटक-पटक, चुनाव वहिष्कार-२०३८- काठमाडौं भद्रगोल, जलेश्वर, मलंगवा, र सिंधुलीका जेलहरुमा गरी ७ वर्ष जति (१२) क. पिता ठाकुर प्रसादको राजनीतिक जीवनमा जलेश्वर जेलमा क्यान्सर रोगले पीडित भई २०२० सालमा जेल मुक्त भएको १ महिनापछि मृत्यु (१४) राष्ट्रियता, प्रजातन्त्र र समाजवाद प्रति प्रतिवद्ध ।



उमा अधिकारी

(पर्वत-२, प्राप्तमत-१४४८०)

(१) ब्राम्हण (२) २०११-०३-३१ (३) भच्चेक केरावारी, गोरखा

(४) घडेरी डाँडा, लुंखु देउराली-पर्वत (५) कुलेश्वर /२-२९९३८

(६) एम.एड, शिक्षा, २०४६, त्रि.वि. (७) विवाहहित-१/- (८) अध्यापन, त्रि.वि.वि.-८ वर्ष (९) क. ने.वि.संघ विद्यालय एकाई देखि, केन्द्रीय क्याम्पस कीर्तिपुर-उपसभापति, कोषाध्यक्ष, अध्यक्ष एवं विभिन्न पदमा २०२८ देखि २०३७ साल सम्म लगातार, ने.का.को सक्रिय सदस्य- २०३८ देखि यता (१०) शान्ति सुरक्षा अर्न्तगत, जन-आन्दोलन-विभिन्न जेलमा करीव २ महिना (११) प्राध्यापन (१२) क. कस्टडीको नारकीय यातना ख. चुनाव जितेपछि विजय जुलुसको समय (१३) सार्क युवा प्रोग्राम-जापान - २०४५, ग्रामीण समुदाय प्रोग्राम- भारत-२०४७ (१४) नेपाली कांग्रेस पार्टीको सिद्धान्त र आदर्शलाई अंगिकार गर्ने एक प्रतिवद्ध कार्यकर्ता ।



ऋषिकेश गौतम

(वारा-३ प्राप्तमत- १८१४४)

(१) बाहुन (२) १९९९-८-५ (३) कलैया

(४) कलैया न.वि.-५ (६) एम.ए. अर्थशास्त्र-२०२७, त्रि.वि. (७) विवाहित-२/- (८) राजनीति (९) क. ने.कां. वारा जिल्ला अध्यक्ष २०१७ साल पछि (१०) शान्ति सुरक्षा-विभिन्न जेलमा पटक-पटक (११) खेती (१२) क. माघ ९-२०३३ मा मच्यो भनी श्री ५ को सरकारले छोडेको ख. प्रजातन्त्रको पुनर्स्थापना (१४) राष्ट्रियता, प्रजातन्त्र एवं समाजवाद ।



ओमकारप्रसाद गौचन

(बाग्लुङ- ३, प्राप्तमत ८५५१)

(१) थकाली (२) १९९२-९-९ (३) बाग्लुङबजार

(४) बांगा दोभान गा.वि.- ९ (५) पकनाजोल/४१०७६८

(६) माध्यमिक विद्यालय सम्मको अध्ययन (७) विवाहित- १/४ (८) रा.पं. सदस्य १७ व (९) क. २००७ बाट राजनीतिक गतिविधिमा सक्रिय, २०२४ सालदेखि पटक-पटक रा.पं.स. निर्वाचित, हाल नेपाली कांग्रेसमा प्रवेश ख. नेपाल फिलाटेलिक सोसाइटी- अध्यक्ष, नेपाल परिवार नियोजन संघ-उपाध्यक्ष, धर्मोदय सभा-उपाध्यक्ष, मिलीजुली विकास बाग्लुङको अध्यक्ष, बाग्लुङ पुस्तकालयको संस्थापक सदस्य र संरक्षक (११) खेती (१२) क. त्रिभुवनले एक्कासी मुलुक छोडी विदेश सवारी भएको भन्ने सुन्दा ख. ००७ सालको क्रान्ति सफल भई राणा शासन खतम भएको (१३) विभिन्न देशहरुमा नेपाली मण्डलको प्रतिनिधित्व गरी नेतृत्व गरेको- ब्राजिल, श्रीलंका, चीन, बेलायत, दक्षिण कोरिया, थाइलैण्ड, यूनाईडेड अरब इमिरेट्स, पाकिस्थान, जपान, सिंगापुर, सोभियतसंघ, मेक्सिको, क्यूवा विभिन्न मितिमा (१४ नेपाली कांग्रेसको राष्ट्रियता प्रजातन्त्र र समाजवाद ।

कमलेशकुमार शर्मा



(कपिलवस्तु-१, प्राप्तमत- १३३२९)

(१) बाहुन (२) २०११।८।२७ (३) कपिलवस्तु तौलीहवा

(४) कपिलवस्तु तौलीहवा न.पा.-२

(५) ज्ञानेश्वर/४-१७५१४ (६) कानून अध्ययन

(७) विवाहित-१/२ (९) क. ने.वि.संघ अध्यक्ष, उपाध्यक्ष- २०२७-०३३, तरुणदल- जिल्ला अध्क्ष, ने.कां. कपिलवस्तु जिल्ला अध्यक्ष (१०) संघ-सस्था मुद्धा, सुरक्षा कानून, सत्याग्रह २०४२, जन-आन्दोलन २०४६ मा विभिन्न जेलमा पटक-पटक (१२) क. वी.पी. को देहवसान, सरोज कोइरालाको हत्या ख. बहुदल प्रजातन्त्र प्राप्ती (१४) राष्ट्रियता, प्रजातन्त्र र समाजवाद ।

कालुराम रानामगर



(पाल्पा-१, प्राप्तमत १५९८०)

(१) मगर (२) १९९९-४-२०

(३) वाकामलाङ्ग-५ पाल्पा

(४) ऐ. (५) बत्तिसपुतली/४-७४२८६ (६) साधारण, सबै विषय (७) विवाहित-५/२ (८) राजनीतिमा २० वर्ष (९) क. प्रधानपंच २०२९, जि.पं. सभापति २०३९, २०४४, २०४६ (१०) राजनीतिक, प्रहरी हिरासत, पटक-पटक (११) खेती (१२) क. पंचायत कालमा निर्वाचित भएर काम गरेको अवधिलाई दु:खको घटनामा लिएको छु ख. पटक-पटक प्रहरी हिरासदमा हुंदा ज्यादै सुखको अनुभव गरेको छु (१३) अब्जरभेशन भ्रमण-थाइलैण्ड, सिंगापुर, इण्डोनेशिया (१४) प्रजातन्त्र र मानव अधिकारको दृढ समर्थक भई नेपाली कांग्रेसप्रति पूर्णसमर्थन ।



कुबेरप्रसाद शर्मा

(सप्तरी-४, प्राप्तमत १३९३१)

(१) ब्रामण (२) १९-६-१९३९ ई. (३) नर्थो, सप्तरी

(४) वा.नं. १० राजविराज (५) बानेश्वर हाइट/४-७१८०९

(६) वी.कम., एफ.सी.ए., चार्टर्ड एकाउण्टेन्ट (७) विवाहित (९) क. प्रजातान्त्रिक आन्दोलनमा २००७ देखि काम गरेको, निर्मल साप्ताहिक, जन-आकांक्षा साप्ताहिक र राजधानी साप्ताहिकमा २०२७-२९, २०३६, २०४२, क्रमश: प्रकाशन र सम्पादनमा सहयोगी भएको ख. रोटरी क्लब काठमाडौं अध्यक्ष (१०) सत्याग्रह, जन-आन्दोलनमा प्रहरी हिरासत, २०४२, २०४६ (१४) प्रजातान्त्रिक समाजवाद ।



कृष्णकुमार जोशी

(बैतडी-१, प्राप्तमत १११२८)

(१) ब्रम्हण (२) २००४-११-२९

(३) सलेना वैतडी (४) ऐ. (५) बानेश्वर/४-७४२५६

(६) आई.ए., कला १९७५, त्रि.वि. (७) विवाहित-२/३ (८) शिक्षक ४ वर्ष (९) क. नेपाली कांग्रेस (१०) राजकाज, कैलाली, नेपालगंज, नख्खु ४ वर्ष (११) खेती (१२) क. २०१७ सालमा प्रजातन्त्रको अपहरण ख. बहुदलीय व्यवस्थाको घोषणा २०४६ (१४) प्रजातान्त्रिक समाजवाद ।



कृष्णसिंह परियार

(बाँके- ३, प्राप्तमत १२४७३)

(१) दर्जी (२) २०१०-७-१८ (३) खरवारी टोल नेपालगंज (४) नेपालगंज न.पा. वार्ड नं.- ३ (५) भोटेवहाल/२-२६६८१ (६) एस.एल.सी.सम्म (७) विवाहित (अन्तरजातीय)-२/३ (८) स्वास्थ्य निरिक्षक १२ वर्ष (९) क. नेपाली कांग्रेसमा संलग्न २०२४ देखि ख. एमनेष्टी इन्टरनेशनलको साधारण सदस्य (१०) राजनीति, सत्याग्रह अन्दोलन, जन-आन्दोलन, नेपालगंज तथा अन्य विभिन्न जेलमा करीव ७ महिना । (११) सिलाई पेसा (१२) क. वी.पी. को मृत्यु ख. बहुदलको स्थापना र पंचायतको अन्त्य (१४) नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद सिद्धान्तप्रति पूर्णरुपले प्रतिवद्ध भई कार्य गर्नु नै मेरो जीवनको एक मात्र प्रतिवद्धता रहने छ ।



क्यावु बुढा

(डोल्पा- प्राप्तमत ७४६२)

(१) बुढा मगर (२) १९९९-१२-१५ (३) गुम्वातारा, डोल्पा (४) ऐ. (५) बानेश्वर/४-७२९२० (६) अष्टम कक्षा, ०३०, सरस्वती मा.वि. डोल्पा (७) विवाहित-२/३ (८) कृषि (९) क. बाल संगठन आजीवन सदस्य (११) व्यापार ।



खलील मिया अन्सारी

(सुनसरी-४ प्राप्तमत- २४३५०)

१) मुसलमान (२) १-४-१९७४ (३) रामनगर मुराह (४) भोक्राहा, सुनसरी (५) इस्लामिक लाइब्रेरी, घण्टाघर/ २-२६२५९ (६) डाक्टर, आयुर्वेद (७) विवाहित-५/५ (८) आयुर्वेदिक र खेती ३० वर्ष (९) क. नेपाली कांग्रेस विभिन्न पदमा २००४ साल देखि (१०) मोरङ जेलमा कैयौं पटक (११) खेती

(१२) क. २०१७ मा नेपाली कांग्रेसको सरकार विघटन ख. २०४८ मा बहुदलीय प्रजातन्त्र प्राप्त पछि संसदमा निर्वाचित हुँदा (१४) प्रजातान्त्रिक समाजवादमा प्रतिवद्ध ।

(हालको सबै भन्दा बढी उमेरको सांसद)



खुमबहादुर खड्का

(दाङ- ३ प्राप्तमत- २४१०५)

(१) क्षेत्री (२) २००८-२-१२ (२) भैसापथरा दाङ

(५) मन्त्री निवास पुल्चोक/५-२४९६० (६) बी.ए,

राजनीति शास्त्र, २०३८, डी.ए.भी. कलेज, वाराणसी (७) विवाहित (अन्तरजातीय)-/१ (९) क. नेपाली कांग्रेस केन्द्रीय सदस्य २०४५ साल देखि, नेपाली कांग्रेसमा विभिन्न पदमा रही २०२३ साल देखि कार्य गर्दै आएको र २०३७ पछि सक्रिय रुपमा सहभागिता (१०) राजनीतिक, सेन्ट्रल, भद्रगोल, नख्खु, घोराही, तुल्सीपुर जेलमा ८ वर्ष (११) खेती (१२) क. ओखलढुंगा टिम्मुरे बोटमा सायीहरु मारिएको (ख) २०४६ चैत्र २६ गते बहुदलको घोषणा (१४) प्रजातान्त्रिक समाजवाद

(हाल: निर्माण तथा यातायात मन्त्री)



गणेश बहादुर खड्का

(दैलेख १ प्राप्तमत १३४६७)

(१) क्षेत्री (२) १९९९ (३) बसन्तमाला-८, दैलेख

(४) दैलेख (५) अण्डर एस.एल.सी. २०११,

त्रिनगर मा.वि. दैलेख (७) विवाहित-२/४ (८) राजनीति

३२ वर्ष (९) क. ने.वि.सं. सदस्य २०११ साल, जि.पं.स.-दैलेख-३ वर्ष, नेपाली कांग्रेस जिल्ला सदस्य-२०३९ साल पछि (१०) राजनीतिक-विभिन्न जेलमा-१५ महिना (१२) क. २०४५ सालको सत्याग्रहमा ख. प्रजातन्त्रको पुनर्स्थापना पछि (१४) राष्ट्रियता, प्रजातन्त्र, समाजवाद प्रति प्रतिवद्ध ।



गम्भीर जंग कार्की

(पाल्पा-२ प्राप्तमत-१७२४८)

(१) क्षेत्री (२) १४-१-२००२ (३) ताछें गा.वि.स.

पाल्पा-२ (४) ऐ.(५) बत्तिसपुतली/४-७४२९८

(६) बि. कम. २०२५, त्रि.वि. (७) विवाहित-२/४ (८) शिक्षक ९ वर्ष

(९) क. प्रधानपंच-५ वर्ष, जि.पं.उपसभापति-७ वर्ष, रा.पं.स.-४ वर्ष ख. रेडक्रस, मानव अधिकार-सदस्य (११) खेती (१४) नेपाली कांग्रेस

गिरिजाप्रसाद कोइराला



(मोरङ-१ प्राप्तमत १६४०३,

सुनसरी-३ प्राप्तमत २७४६९)

(१) ब्राम्हण (२) १९२५ (३) शहर्षा जिल्ला विहार

(४) विराटनगर (५) प्र.म. निवास/४-१४६०७

